# कृषि उपज भण्डारण घर (Silo)निर्माण कार्यान्वयन कार्यविधि, २०७५

नेपाल सरकार सचिवस्तर मिति २०७५/०९/१२को निर्णयानुसार स्वीकृत

नेपाल सरकार

कृषि तथा पशुपंछी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना व्यवस्थापन इकाई

खुमलटार, ललितपुर।

# कृषि उपज भण्डारण घर (Silo)निर्माण कार्यान्वयन कार्यविधि,२०७५

## पृष्ठभूमी

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विशिष्टिकृत बालीहरुको मूल्य श्रृंखलामा कार्य गर्दै आएको छ । यस परियोजनाको विशेषताको रुपमा प्रमुख कृषि उपजहरुको खास खास बाली र वस्तुको क्षेत्रहरु निर्माण गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिबृद्धि गरी मूल्य श्रृंखलाका अवयवहरु, उत्पादन सामाग्रीको उत्पादन तथा बजारीकरण, आधुनिक कृषि मेशिनरी औजार उपकरणहरुको प्रयोग, उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धि पूर्वाधारहरूको विकास सम्बन्धि अवधारणा रहेका छन्। खास खास क्षेत्रहरुबाट उत्पादन भै आएका कृषि उपजहरु खासगरी खाद्यान्न, दलहन तथा तेलहन बालीको सुरक्षित भण्डारण र भण्डारण क्षमता बृद्धिका लागि आ.व. २०७५/७६ को स्विकृत कार्यक्रममा व्यवस्था भए बमोजिम ५० प्रतिशत अनुदानमा निजि क्षेत्र वा सहकारी संस्था मार्फतकृषि उपज भण्डारण घर (Silo) निर्माणगर्न तथा उक्त कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न "कृषि उपज भण्डारण घर (Silo) निर्माण कार्यान्वयन कार्यविधि, २०७५" तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम "कृषि उपज भण्डारण घर (Silo)निर्माण कार्यान्वयन कार्यविधि, २०७५"रहेको छ ।

१.२ यो कार्यविधि नेपाल सरकारबाट स्विकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

२.१"कार्यक्रम"भन्नाले कृषि उपज भण्डारण घर (Silo)निर्माण कार्यक्रम भन्ने सम्झनु पर्दछ।

२.२"भण्डारण घर"भन्नाले विभिन्न खाद्यान्न, दलहन तथा तेलहन बालीहरुको प्राविधिक रुपमा उपयुक्त संचय गर्ने र सहज रुपमा उपलब्ध हुने ठाउं सम्झनु पर्दछ ।

२.३ "भौतिक पुर्वाधार" भन्नालेSilotypeकोभण्डारण घर निर्माण गर्दा आबश्यक पर्ने भौतिक पुर्वाधार (भवन, सडक, खानेपानी, ढल, बिजुलीआदि) तथा मेशिनरी औजार, उपकरण आदि सम्झनु पर्दछ ।

२.४"परियोजना"भन्नाले कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गत रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना व्यवस्थापन इकाईभन्ने सम्झनु पर्छ।

२.५ "निजी क्षेत्र"भन्नाले निजी व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी सम्झनु पर्छ।सो शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको निजी उद्योग समेतलाई जनाउंदछ ।

२.६ "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको कृषि सहकारीलाई सम्झनु पर्छ।

२.७ "कृषि उपज" भन्नाले मुलुकमा उत्पादित तथा आयात गरिएका विभिन्न खाद्यान्न, दलहन तथा तेलहन बालीहरु सम्झनु पर्छ।

२.८ "मूल्य श्रृंखला"भन्नाले परियोजनाले निर्दिष्ट गरेका विभिन्न बाली बस्तुहरुको उत्पादन देखि उपयोग्य अवस्था सम्मका विभिन्न कार्य श्रृंखलाहरु जहाँ एकपछि अर्को तहमा लागत र संलग्नता थप भई मूल्य अभिबृद्धि हुंदै जाने समष्टिगत स्वरुपलाई सम्झनुपर्दछ।

२.९ "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समिति सम्झनुपर्छ।

**३. कार्यक्रम संचालनको उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः–

३.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विशिष्टिकृत क्षेत्रमा उत्पादित बाली र बस्तुहरुको गुणस्तर प्रवर्धन गरी बजारीकरणमा टेवा पुर्याउने ।

३.२ कृषि उपज भण्डारण घर (Silo) निर्माण मार्फत परियोजनाका सम्भागहरुमा उत्पादित कृषि उपजहरुको लागि पर्याप्त भण्डारण सुविधा उपलब्ध गराई उत्पादनोपरान्त क्षति न्यूनिकरण गर्दैंखाद्य सुरक्षामा टेवा पुर्याउने ।

३.३ भण्डारण सुविधाको विकास मार्फत परियोजनाका सम्भागहरुमा संलग्न तथा आसपासका कृषकहरुलाई लक्षित बाली वस्तुहरुको थप उत्पादनका लागि प्रोत्साहन गर्ने ।

३.४व्यवसायिक, औद्योगिक तथा निर्यातमूलक परिमाणमा कृषि उत्पादन प्रवर्द्धनका लागि आवश्यक भण्डारण सुविधा उपलब्ध गराउने ।

३.५स्थानिय स्तरमा कृषि उत्पादन भण्डारण, बजारीकरण, औद्योगिकरण सम्बन्धि भौतिक पुर्वाधारहरु निर्माणमाटेवा पुर्याउने ।

३.६ कृषि उपज भण्डारण घर (Silo)निर्माण,संचालन र व्यवस्थापनबाट संस्थाको प्राविधिक एवं व्यबस्थापकीय क्षमता अभिबृध्दिगराउने ।

परिच्छेद–२

## कार्यक्रम संचालन प्रक्रिया

४. क्षेत्र छनोटका आधारहरुः कार्यक्रम सञ्चालन क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः–

४.१ यो कार्यक्रमप्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत खास खास बाली र वस्तु उत्पादन क्षेत्रहरुबाट उत्पादन भई आउने र बजारीकरणका दृष्टिले सम्भाव्य तथा महत्वपूर्ण रहेका जिल्लामा संचालन गरिनेछ ।

४.१.१ यो कार्यक्रम चालु आर्थिक वर्ष २०७५/०७६ मा सुनसरी, पर्सा, कपिलबस्तु र बर्दिया जिल्लाहरुका उपयुक्त क्षेत्रहरुमा संचालन गरिने छ रआगामी आर्थिक वर्षहरुमा आवश्यकता अनुसार अन्य उपयुक्त जिल्लाहरुमा पनि संचालन गरिने छ ।

४.२ स्थापना हुने कृषि उपज भण्डारण घर (Silo) को क्षमता अनुसार उक्त भण्डारण घर संचालन गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनु पर्नेछ वा आयात गर्ने भए कहांबाट गर्ने खुलाउन पर्नेछ ।

४.३ प्रस्तावित कृषि उपज भण्डारण घर (Silo) अनुसुची १ मा उल्लेख भए बमोजिमको मापदण्ड पुगेको हुनु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनः यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछः–

५.१ प्रमुख रुपमा यस परियोजना अन्तर्गतको संभागहरुमा खाद्यान्न, दलहन तथा तेलहन बाली उत्पादन वा आयात गरी व्यवस्थापन तथा भण्डारणगर्ने कार्यमा संलग्न निजि क्षेत्र वा सहकारी संस्थामार्फत कार्यक्रम संचालन गरीने छ ।

५.२ कृषि उपज भण्डारण Silo Type घर १५ हजार देखि २५ हजार मे.टन क्षमता सम्मको र भौतिक पुर्वाधार तर्फखाद्यान्न भण्डारण (Silo Type) घरलाई आवश्यक पर्नेभवन, सडक, बिजुली, मेशिनरी, औजार उपकरणहरु लगायतका पूर्वाधारहरु पर्दछन् ।

५.३ संस्था छनौट प्रकृया

५.३.१ परियोजना व्यवस्थापन इकाईले कृषि उपज भण्डारण Silo Type घर निर्माण गर्न चाहिने आवश्यक मापदण्ड (अनुसुची-१) अनुसार निजि क्षेत्र वा सहकारी संस्थाहरुबाटप्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सुचना प्रकाशन गर्नेछ ।

५.३.२ यस कार्यबिधिको अनुसुची-१ अनुसारको मापदण्ड पुगेका निजि क्षेत्र वा सहकारी संस्थाबाटप्रस्तावमा उल्लेख गर्नुपर्ने विवरण (अनुसुची-२) भरी अनुसुची-३ अनुसारका आवश्यक कागजातहरु सहित सुचनाको म्याद भित्र परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुरमा प्रस्ताव पेश गर्नुपर्दछ ।

**६. प्रस्ताव छनौट समितिः** प्राप्त प्रस्तावहरुको छनौटका लागी देहाय वमोजिमको प्रस्ताव छनौठ समिति गठन हुनेछ ।

| | |
|---|---|
| ६.१ परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत, परियोजना | अध्यक्ष |
| ६.२ सम्बन्धित विषय विज्ञ | सदस्य |
| ६.३शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, परियोजना | सदस्य |
| ६.४ वरिष्ठ कृषि अधिकृत, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय | सदस्य |
| ६.५ कानून उपसचिव/अधिकृत प्रतिनिधि,कृषि तथा पशुपंछी विकास मन्त्रालय | सदस्य |
| ६.६संयोजक, सार्वजनिक खरीद इकाई, परियोजना | सदस्य सचिव |

नोटः समितिले आवश्यकता अनुसार बढीमा दुई (२) जना सम्म सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।यसरी आमन्त्रण गर्दा सम्भव भएसम्म नेपाल सरकारका विभिन्न निकायमा रहेका विज्ञलाई लिईनेछ ।

**७. प्रस्ताव छनौट समितिको काम कर्तब्यः** समितिको देहाय वमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।

७.१ निजि क्षेत्र वा सहकारी संस्थाबाट प्राप्त प्रस्तावहरु प्रस्ताव छनौट समितिले मुल्यांकन गरी सर्वोत्कृष्ट संस्थालाई कार्यक्रम संचालन गर्न परियोजना व्यवस्थापन इकाईले सुची तयार गर्नु पर्नेछ ।

७.२ एक कम्पनीले एक भन्दा बढी स्थानमा आवेदन हाल्न तथा छनौट हुन सक्नेछ तर यसरी आवेदन दिंदा छुट्टा छुट्टै ठाउंको छुट्टा छुट्टै आवेदन दिनुपर्नेछ ।

८. कार्यान्वयन प्रकृया

८.१ कृषि उपज भण्डारण Silo घर निर्माण कार्यक्रम अन्तर्गत विभिन्न किसिमका भौतिक पुर्वाधारहरु र गुणस्तरीय खाद्यान्न तयार गर्न मेशिन उपकरणको व्यवस्था गर्ने भएकोले २वर्षमा कार्य सम्पन्न गरिनेछ। जस अन्तर्गत भौतिक पुर्वाधार तथा मेशिनरी औजार उपकरणमा नेपाल सरकारको तर्फबाट ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ भने निजि क्षेत्र वा सहकारी संस्थाले ५० प्रतिशत रकम व्यहोर्नु पर्नेछ।

८.१.१ सर्वप्रथम निजि क्षेत्र वा सहकारी संस्था छनौट गरिनेछ। छनौट भएको निजि क्षेत्र वा सहकारी संस्था संग दुई वर्षमा निर्माण गरिने भौतिक पुर्वाधार तथा मेशिनरी,औजार उपकरणको गुरु योजना बनाई दुई वर्षकोलागी संस्था रपरियोजना विच सम्झौता हुनेछ । प्राप्त प्रस्तावको आधारमा बजेट निर्धारण गरी भौतिक पुर्वाधारहरुको निर्माणकार्य प्रारम्भ हुनेछ।साथसाथै निर्माण सम्बन्धि कार्यहरुको निरन्तरता, मेशिन उपकरणहरुको खरिद तथा जडान कार्य तथा अन्य कार्यहरु सम्पन्न गराईनेछ ।

८.२ छनौट भएका निजि क्षेत्र वा सहकारी संस्थाहरुले गाउंपालिका वा नगरपालिकाको आवश्यकता अनुसार नक्सा पास गराउनु पर्ने भएमा सोही अनुसार गराउनु पर्नेछ ।

८.३ निर्माण कार्यको भुक्तानी कामको प्रगति र सम्झौताको शर्त अनुसार गरिने छ ।

## परिच्छेद-३

### कार्यक्रमको अनुगमन तथा मूल्यांकन व्यवस्था

**९.अनुगमन व्यवस्थाः** कार्यक्रमको अनुगमनको व्यवस्था देहाय बमोजिम हुने छ ।

९.१ संचालित कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग र परियोजनाबाट हुनेछ ।

## परिच्छेद-४

### विविध

**१०. कार्यबिधिको परिमार्जनः** अनुगमन तथा मुल्याङ्कन र अनुभबको आधारमा यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी यस परियोजनाको सिफारीसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**११. प्रचलित कानून लागु हुनेः** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**१२. अन्तिम व्याख्याः** यस कार्यविधिकार्यान्वयन चरणमा व्याख्यामा द्विविधा भएमा परियोजनालेअविलम्ब मंत्रालयमा पेश गर्नेछ र मंत्रालयले संशोधन वा परिमार्जन गर्नेछ ।

## अनुसुची - १

### आबश्यक मापदण्ड

१. कम्तिमा १(एक) बर्ष अगाडी खाद्यान्न/दलहन/तेलहन बालीको कारोबार, व्यवस्थापन तथा भण्डारण गर्ने अभिप्रायले सम्बन्धित निकायमा दर्ता भएको निजि वा सहकारी संस्था हुनु पर्नेछ ।

२. कम्तिमा ३ विघा जमीनको स्वामित्व कम्पनीको आफ्नो वा प्रोप्राईटरको वा संचालक सदश्यको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १५ वर्षको जग्गाको करारनामा पत्र हुनु पर्नेछ ।

३. कम्तीमा विगत ५ बर्षदेखि ५००० मे.टन.भन्दा बढी खाद्यान्न भण्डारणक्षमता (Storage capacity) भएको संस्था वा त्यस्ता संस्था संचालन गरेको अनुभव भएका संचालकद्वारा प्रवर्धित संस्था वा नयां कम्पनी भएमा त्यस्तो क्षमता भएको कम्पनी/संस्थाको संचालक/प्रबर्धक समेत संलग्न भएको हुनु पर्दछ।

४. विगत ३ वर्षदेखि ४० हजार मे.टनभन्दा बढी खाद्यान्न/दलहन/तेलहन बालीको कारोबार गरेको वा त्यस्तो कारोवार गरेको कम्पनी/संस्थाको संचालक/प्रोप्राईटर समेत संलग्न भएको कम्पनी हुनुपर्नेछ ।

५. पहुंच सडक कम्तीमा ३० फीट फराकिलो हुनुपर्नेछ र साथै नजिकको highway बाट बढीमा ५ कि.मी.भित्र हुनुपर्नेछ ।

६. ३ फेज विद्युत, खानेपानी र ढलको व्यवस्था तथा सुलभ पहुंच भएको वा हुन सक्ने संभावना भएको हुनु पर्नेछ ।

७. भौतिक पुर्वाधार तथा मेशिनरीऔजार उपकरणमानेपाल सरकारको तर्फबाट ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ भने निजि क्षेत्र वा सहकारी संस्थालेउक्त कार्यमा ५० प्रतिशत लगानी सम्बन्धित बैंकको प्रतिबद्धता पत्र (Letter of Intent) हुनु पर्नेछ ।

८. Global standardको Environment, Health and Safety Principle मान्ने प्रतिबद्धता तथा Proposal मा सो कुरा खुल्नुपर्नेछ।

९. चालु अवस्थामा भैरहेका कम्पनी/फर्मको भण्डारण क्षमता विस्तारको लागि पनि प्रस्ताव पेश गर्न सक्नेछन् ।

१०. नेपाल सरकारको तर्फबाट यस अघि अनुदान लिएका कम्पनी/संस्थाहरुले स्वघोषणा गर्नुपर्नेछ तर क्षमता विस्तार वा नयां बनाउने कार्यमा बाधा पुर्याउने छैन । अनुदान प्राप्त गर्ने निजि क्षेत्र वा सहकारी संस्थाले कम्तीमा पाँच (५) वर्ष सम्म पूर्ण रुपमा सोही प्रयोजनको लागि काम गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।

अनुसुची -२

<u>प्रस्तावमा उल्लेख गर्नुपर्ने विवरण</u>

१. संस्थाको नाम-..........................................ठेगाना-........................................

२.संस्था दर्ता मिति-...............................दर्ता भएको कार्यालय- ..........................................

३.सदस्य संख्या- .....................।        महिला ........... पुरुष.........................

४.लाभान्वित कृषक संख्या-..........................................प्रत्यक्ष................अप्रत्यक्ष................

५.कारोवार शुरु मिति-.............................................

६.कारोवारको विवरण- कहां कहां कसरी गरीने (प्रस्तावित)

| बालीहरु | आ.ब................ | | आ.ब............... | | आ.ब............... | |
|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

७.कारोवार क्षेत्र /जिल्लाहरु.....................................................................................

८. संस्थाको चल । अचल पूजिंको विवरण...................................................................

९. उपलब्ध गर्ने जग्गाको विवरण

क) पाखो - Up land । खेत Low land.....................................................

ख) क्षेत्रफल

न्युनतम ३बिघाहुनुपर्ने यदि छैन भने १५ वर्षको लागी जग्गा करारमा लिएको करारनामा सहित संस्थाको निर्णयको प्रतिबद्धता पत्र संलग्न गर्नु पर्ने ।

घ) सडकको विवरण   छ /छैन ............

यदि छ भने Nearest highway देखि संस्था सम्म सडकको लम्बाई ...............कि.मी.

ङ) विद्युत क्षमता न्युनतम ३ फेज आबश्यक पर्न सक्ने भएकोले सो संगको दुरी ............कि.मि.

छैन भने आबश्यक संभावना विवरण ............................................................................

..........................................................................................................................

अन्य आबश्यक विवरणहरु उल्लेख गर्नु पर्ने भए...........................................................

........................................................................................

१०.संस्थाको हाल भैरहेको भौतिक पुर्वाधार तथा मेशिनरी औजार उपकरणको विवरण

......................................

११. प्रस्तावित परियोजनाको १० वर्षे Business Plan(२ प्रति छुट्टाछुट्टै पेश गर्ने) ।

१२. प्रस्तावित परियोजनाको Design तथालागत अनुमान(२ प्रति छुट्टाछुट्टै पेश गर्ने) ।

१३. प्रस्तावित परियोजनाको दिगोपना, Environment, Health and Safety Principles.

१४. अन्य......................................

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई ऐन कानुन बमोजीम सहुला बुझुला ।

साक्षी

दस्तखत

नाम

पद

निवेदक

दस्तखत

नाम

पद अध्यक्ष

## अनुसुची - ३

### संलग्न गर्नुपर्ने कागज पत्रहरु

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि । नविकरण आवश्यकता भएमा सो समेत ।

२. पछिल्लो एक आ.व.को कारोवार विवरणको वा लेखा परिक्षणको प्रतिलिपि ।

३. संस्थाको विधानको प्रतिलिपि ।

४. प्यान वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

५. नियमानुसार कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (यदि एक वर्ष भन्दा पुरानो भएमा)।

६. कम्तिमा ३ विघा जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १५ वर्षको लागी करारमा लिएको जग्गाको करारनामा पत्र ।

७. बहुतले संरचना (Multistory building) को हकमा माटो परिक्षण (Soil test)रिपोर्ट।

८. कम्पनी वा त्यसमा संलग्न संचालक/प्रोप्राईटरहरु Storage facility मा संलग्न रहेको विवरण।

९. स्वीकृत प्राप्त बैंकबाट जारी लगानीको आधार (Letter of Intent)।

## मूल्याङ्कनका आधारहरु (Evaluation Criteria)

| S.N | Evaluation Criteria | Details | Score | Scoring Reference | Remarks |
|---|---|---|---|---|---|
| 1 | Land | Land availability | 20 | ➢ Own (Company name land)-20<br>➢ Proprietor -18<br>➢ Lease-15 | Supporting documents to be provided |
| 2 | Road | Road Connectivity | 5 | ➢ Width More than 30ft.- 5<br>➢ Width 25-30ft.- 3<br>➢ Width Less than 25ft.- 2 | Recommended letter from concerned authority |
| 3 | Electricity | Electrical connectivity भएको वा हुनसक्ने | 5 | ➢ 3 Phase line -5<br>➢ Single phase line- 3<br>➢ Possibility of connection -2 | Letter from concerned authority |
| 4 | Qualification of applicants | Experiences in terms of volume handle (storage) (Proposed company वा त्यस्ता संस्था संचालन गरेको अनुभव भएका संचालक/प्रोप्राईटरबाट प्रवर्धित संस्था/कम्पनी वा नयां कम्पनी भएमा त्यस्तो क्षमता भएको संस्था/कम्पनीको promoter संलग्न भएको भए सो को अनुभव समेत जोडिनेछ) | 15 | ➢ 15000 and above- 15<br>➢ 7000-15000 MT- 12<br>➢ 5000-7000 MT-9<br>➢ Up to 5000 MT- 6 | Certificate/Recommendation |
| | | Handling of multiple commodity (cereals, pulses, legume) | 10 | ➢ 3 commodity- 10<br>➢ 2 commodity- 7<br>➢ 1 commodity- 5 | Should be addressed in the proposal |
| 5 | Proposal in line with TOR | | 5 | ➢ The content of the proposal related to the topics and funding schemes<br>➢ Best- 5<br>➢ Better- 4<br>➢ Good- 3<br>➢ General- 2 | Should be mentioned in the proposal |
| 6 | Adherence to environment, health and safely policy | | 5 | ➢ Proposal should be in line with global standard environment, health and safety giddiness.<br>➢ Best- 5<br>➢ Better- 4<br>➢ Good- 3<br>➢ General- 2 | - |

| | | | | | |
|---|---|---|---|---|---|
| 7 | Benefits ( social/ economics) | How well does the project target poor people and ensure that they benefit, Are there other ways in which the project benefits the poor (access to finance, market, improved livelihood, job creation) how significant are there benefits? | 5 | ➢ Is the business model inclusive?<br>➢ Is this provision for access to finance for small farmers?<br>➢ Does the business plan significantly contribute to improving farmers' income and thus improve their livelihood?<br>➢ Does the business plan create opportunities of job creation?<br>➢ Best- 5<br>➢ Better- 4<br>➢ Good- 3<br>➢ General- 2 | Should be mentioned in the proposal |
| | | Warehouse receipt financing, micro banking, better pricing potential to create agri processing hub | 10 | ➢ Is these provision for access to finance, banking facilities?<br>➢ Best- 10<br>➢ Better- 8<br>➢ Good-6<br>➢ General- 4 | Certificate/ Recommendation |
| 8 | Additional facilities | Provision for drying and cleaning commodities, banking facilities etc. | 5 | ➢ Is there provision for efficient post-harvest management facilities, Provision to create one stop solution for farmers, other stakeholder?<br>➢ Best- 5<br>➢ Better- 4<br>➢ Good- 3<br>➢ General- 2 | Certificate/ Recommendation |
| 9 | Overall project design, cost estimate, 10 years business plan and sustainability | ➢ Has calculated BCR, IRR, payback periods<br>➢ Has included detailed cost estimate and design<br>➢ Has planned for sustainability<br>➢ Goodwill of clients? | 15 | ➢ Best- 15<br>➢ Better- 12<br>➢ Good- 9<br>➢ General- 6 | Proposal based |
| | | Total | 100 | | |

Note: 1. Minimum pass mark is 60, competition will be based on the district mentioned. 2. Field visit program will be conducted after having ranking results (prioritizing the 1st, 2nd and so on) based on the provided information before signing the contract.